# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालयको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १५ गते नुवाकोटको मदानपुरमा आशा लघुवित्त वित्तीय संस्था, केन्द्रीय कार्यालयको एक कार्यक्रम बीच समुद्घाटन गर्नुभयो ।



उक्त कार्यालयको समुद्घाटन पश्चात् मन्तव्य राख्नु हुँदै प्रमुख अतिथि गभर्नर डा. नेपालले गरिब तथा विपन्न वर्गको आर्थिक उत्थानको लागि लघुवित्त वित्तीय संस्थाहरुको अहम् भूमिका रहेको बताउनु भयो । उहाँले न्यून आय हुनेहरुलाई उद्यमशील बन्न सहयोग गरी उनीहरुको जीवनस्तर उकासेर आर्थिक रुपले सक्षम बनाउनु नै लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख उद्देश्य रहेको उल्लेख गर्नुभयो ।

लघुवित्त वित्तीय संस्थाहरु नाफा भन्दा सेवामुखी हुनु पर्नेमा गभर्नर डा. नेपालले जोड दिनुभयो । संस्थाले नाफाको केही अंश समाज र मुलुकको लागि खर्च गर्नुपर्ने दायित्वको स्मरण गराउनु हुँदै उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घरदैलामा गई सेवा दिन आग्रह गर्नुभयो । साथै, सर्वसाधारणलाई अनुमतिपत्र प्राप्त वित्तीय संस्थाहरुसँग कारोबार गरी उद्योग व्यवसायमा लाग्न पनि उहाँले सल्लाह दिनुभयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले कुनै पनि काम सानो/ठुलो नहुने तथ्य उजागर गर्दै खाडी मुलुक तथा अन्य देशमा कठिन श्रम गर्नुको साटो स्वदेशमै पसिना बगाएमा आफ्नो मालिक आफैं हुन सकिने र देश पनि आत्मनिर्भर बन्न सहयोग पुग्ने धारणा पनि राख्नुभयो ।

**२०७३ भाद्र १५, बुधबार**

**गभर्नरको कार्यालय**